# फेटा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
फेटा, बारा
मधेश प्रदेश, नेपाल

चं: १५४३

**माछा पोखरी ठेक्काको सुचना**

चौथो पटक प्रकाशित मिति : २०८१।०१।१७ गते

स्थानीय सरकार संचालन ऐन, २०७४ वमोजिम यस गाउँपालिकाको स्वामित्व र संरक्षणमा रहेको तपसिल अनुसारको माछा पोखरीको ठेक्का आ.व.२०८०।०८१ देखि ५ वर्ष ठेक्का वन्दोवस्त गर्नुपर्ने भएकोले सम्वन्धित सरोकारवालाको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ । सुचना प्रकाशन भएको मितिले १५ औं दिनको १२:०० बजे भित्र इच्छुक नेपाली नागरिक (व्यक्ति वा फर्म) ले देहायका शर्तहरुको अधिनमा रही शिलवन्दी दर भाउ पेश गर्न यो सार्वजनिक सुचना प्रकाशन गरिएको छ ।

तपसिल :

| सि.नं. | ठेक्का लगाउने पोखरी | पोखरीको क्षेत्रफल | ठेक्का लगाउने अवधि | न्यूनतम अंक | कैफियत |
|---|---|---|---|---|---|
| १ | पनपिउवा पोखरी फेटा गा.पा., वडा नं.७ | ४-११-० | ५ वर्ष | ३०,००,०००। (अक्षरुपी तीस लाख मात्र ) | |
| २ | पडेडवा पोखरी फेटा गा.पा वडा नं. ७ | २-११-० | ५ वर्ष | १०,००,०००(अक्षरुपी दश लाख मात्र ) | |
| ३ | सुखलैया पोखरी फेटा गा.पा वडा नं. ७ | | ५ वर्ष | २,००,०००( अक्षरुपी दुई लाख मात्र) | |

**ठेक्काका शर्त तथा बन्देजहरु :**

१. सकार गर्ने कवोल रकम उल्लेख गरी शिलवन्दी खाममा लाहाछाप लगाई कार्यालयमा पेश गर्नुपर्ने छ ।

२. शिलवन्दी कवोल अंक स्वीकृत भएमा यस गाउँपालिकाले उपलब्ध गराएको वैंक खातामा आफूले सकार गरेको अंक रकम जम्मा गराई सक्कल वैंक भौचर यस गा.पा.मा पेश गर्नुपर्ने छ ।

३.सकार गर्ने कवोल अंक शिलवन्दी गरी मिति २०८१।०१।३१ गते दिनको १:०० बजे सम्म यस गा.पा.मा पेश गरिसक्नु पर्ने छ । कार्यालयमा पेश हुन आएको शिलवन्दी खाम सोही दिनको २:०० बजे फेटा गाउँपालिकाको वडा नं. ७ को वडा कार्यालयमा खोलिने छ । शिलवन्दी खोलिने समयमा ठेक्काका लागि आवेदन दिएका व्यक्ति वा फर्महरु प्रत्यक्ष वा आफना प्रतिनिधी मार्फत सहभागी हुनु पर्नेछ । आवेदन दिएका कुनै फर्म वा व्यक्ति सहभागी नभएमा ठेक्का प्रक्रिया अगाडी वढाउन कार्यालयलाई कुनै असर पर्ने छैन । सो दिनमा सार्वजनिकक विदा पर्न गएमा सोको भोलीपल्ट हुनेछ ।

४. सकार गर्ने व्यक्ति वा फर्मले आफुले सकार गर्ने अंकको ५% ले हुन आउने रकम धरौटी/जमानत फेटा गाउँपालिकाको नाममा ग्लोवल आई एम ई वैंक, फेटा शाखामा रहेको धरौटी खाता नं. E50400000005 मा

प्रमुख प्रशासकीय अधिकृत

जम्मा गराई बैंक भौचरको प्रतिलिपी सहित शिलबन्दी गरी बुझाउनु पर्ने छ । विदेशी नागरिक वा फर्मको हकमा कुल साकार अंकको १०% ले हुन आउने रकम धरौटी/जमानत स्वरुप राख्नु पर्ने छ ।

५. गाउँपालिकालाई पेश्की रकम वा जिन्सी बुझाउन बाँकी रहेका व्यक्तिले ठेक्का लिन पाउने छैन । कुनै कारणवस त्यस्ता व्यक्तिको ठेक्का स्वीकृत भएमा पछि उल्लेखित विवरण जानकारी हुन आएमा ठेक्का बदर गरी धरौटी रकम समेत जफत गरिनेछ ।

६. बाढी, वर्षा वा अन्य कुनै प्रकारले पोखरीको डिल भत्केमा वा बगाएमा ठेक्केदारले स्वयम मर्मत गरी माछा पालन गर्नुपर्ने छ । सोमा लाग्ने मर्मत खर्च गा.पा.ले व्यवहोर्ने छैन ।

७. ठेक्केदार र गा.पा.बीच विवाद उत्पन्न भएमा फेटा गाउँपालिकाले गरेको निर्णय मान्य हुनेछ र उक्त निर्णय दुवै पक्षलाई मान्य हुनेछ ।

८. पोखरीको माछा झिक्दा विषादीको प्रयोग, करेन्ट लगाउने  वा विष्पोट गर्न पाउने छैन । उक्त पोखरी सफा राख्नु पर्नेछ । पोखरीमा नुहाउन, पानी लिन वा प्रचलित सामाजिक संस्कार मनाउन मनाही गर्न पाउने छैन ।

९. ठेक्का सम्वन्धि अन्य कार्य प्रचलित कानुन बमोजिम हुनेछ ।

१०. बढीवालको ठेक्का स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार फेटा गाउँपालिकामा सुरिक्षत रहने छ ।

११.गाउँपालिकालाई आवश्यक परेको खण्डमा जुन सुकै बेला पनि ठेक्का समझौता रद गर्न सकिनेछ । यसरी गाउँपालिकाले गरेको सो निर्णय ठेकेदार लाई मान्य हुनेछ ।

१२. सिलबन्दीमा साकार गरेको रकम बरावरको वैङ्क ग्यारेन्टी वा जग्गा धितो राखि सकार गरेको व्यक्तिले पहिलो किस्ताको रकम सात दिन भित्र फेटा गाउँपालिकाको नाममा ग्लोबल आई एम ई बैंक, फेटा शाखामा रहेको आन्तरीक राजस्व खाता नं. 14004010000010 जम्मा गरी चलन पुर्जी लिनु पर्ने छ ।

१३. तोकीएको समयमा चलन पुर्जी नलिएमा धरौटी जफत गरी क्रमश: दोस्रो वा तेस्रो हुने ठेकेदारलाई चलन पुर्जी दिईनेछ ।

१४.पहिलो एक वर्षको एकमुष्ठ किस्ता तिरी चलन पुर्जी लिएपछि बाँकी रकम अर्धवार्षिक रुपमा असोज र चैत्रमा आठ किस्तामा भुक्तानी गर्नुपर्ने छ ।

१५. धरौटी रकम अन्तिम किस्तामा मिनाहा हुनेछ ।

२०८०।१।१६

जाकिर हुसेन अंसारी
नि.प्रमुख प्रशासकीय अधिकृत

CamScanner